# नेपाल सरकार
# गृह मन्त्रालय
# राहत तथा सुधार कार्यक्रम

गृह मन्त्रालय र अन्तर्गतका निकायहरुबाट शान्ति सुव्यवस्था कायम गर्न तथा आम जनतामा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यहरुलाई थप प्रभावकारी रुपमा संचालन गर्न देहायका राहत कार्यक्रम तर्जुमा गरिएको छ ।

**(क) तत्कालिन राहत कार्यक्रम**

| सि. नं. | प्राथमिकता प्राप्त कार्यहरु | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | समय सिमा | अनुगमन गर्ने निकाय | अनुगमन सुचक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | अपहरण, फिरौती, बलात्कार लगायत गंभीर प्रकृतिका घटनाहरु एवं साना हतियारको नियन्त्रण । | • अपराध हुने सम्भावित क्षेत्रको पहिचान गर्ने ।<br>• अपराधमा संलग्न हुने सम्भावित व्यक्तिहरुको पहिचान गरी त्यस्ता व्यक्तिहरु उपर निगरानी बढाउने ।<br>• अपराधमा संलग्न व्यक्तिहरुलाई हदै सम्मको कानुनी कारवाही अगाडी बढाउने ।<br>• विगतमा अपराध गरी फरार अभियूक्तलाई पक्राउ गरी कानुनी कारवाही गर्ने ।<br>• साना हतियारको नियन्त्रण गर्ने कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।<br>• अपराधमा संलग्न व्यक्तिहरुको फोटो सार्वजनिक गर्ने । | जिल्ला प्रहरी कार्यालय | तत्काल शुरु गरी निरन्तर | क्षेत्रीय प्रशासन कार्यालय, प्रहरी प्रधान कार्यालय | • अपहरण,फिरौती र बलात्कारका घटनाहरुमा कमी आएको हुने । | |
| २. | काठमाडौं उपत्यकामा हुने | • आपाराधिक घटना हुन सक्ने | नेपाल प्रहरी, | तत्काल थालनी गरी | गृह मन्त्रालय | • आपाराधिक गतिविधि | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आपराधिक गतिविधिको नियन्त्रण । | सम्भावित क्षेत्रहरुको पहिचान गर्ने ।<br>• सुरक्षाकर्मीहरुको सघन परिचालन गर्ने ।<br>• उपत्यकाका विभिन्न Strategic Point हरुमा Squad का रुपमा सुरक्षाकर्मी परिचालन गर्ने ।<br>• अपराधको सूचना पाउनासाथ सुरक्षाकर्मी परिचालन हुने ।<br>• काठमाडौंमा निश्चित समयको लागि Joint Integrated operation cell को स्थापना काठमाडौं गर्ने ।<br>• GPS फिट गरिएको Control Room Vehicle को व्यवस्था गरी सुरक्षाकर्मी परिचालन गर्ने । | सशस्त्र प्रहरी बल | एक महिना भित्र | | नियन्त्रण गर्न सुरक्षाकर्मी परिचालन हुने । | |
| ३. | गुण्डागर्दी नियन्त्रण । | • गुण्डाहरु पहिचान गरी आवश्यक कानूनी कारवाही चलाउने ।<br>• E-biding अनिवार्य गर्ने ।<br>• बाल विज्याईमा संलग्न बालबालिकाहरुलाई सुधार गृहमा राख्न व्यवस्था मिलाउने । | जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र सार्वजनिक खरिद अनुगमन कार्यालय | तत्काल थालनीगरी निरन्तर | गृह मन्त्रालय र क्षेत्रीय प्रशासन कार्यालय | • आपराधिक गतिविधिमा संलग्न गुण्डाहरुलाई नियन्त्रणमा लिइएको हुने ।<br>• अपहरण फिरौती तथा गुण्डागर्दीको घटनामा कमी आएको हुने । | |
| ४. | तराई र पूर्वी पहाडी जिल्लाहरु को सुरक्षा सुदृढीकरण । | • तराई र पूर्व पहाडी जिल्लाको सुरक्षा व्यवस्थामा तत्काल सुधारका लागि विषेश सुरक्षा कार्यक्रम संचालन गर्ने ।<br>• सीमावर्ती क्षेत्रमा हुने अपराध नियन्त्रणका लागि सीमा सुरक्षा टोलीलाई थप सक्रिय बनाउने । | जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान | तत्काल थालनी गरी निरन्तर | गृह मन्त्रालय र क्षेत्रीय प्रशासन कार्यालय | • तराई र पूर्वी पहाडका जिल्लाहरु र सीमा क्षेत्रमा घट्ने अपराधहरुमा कमी आउने ।<br>• भूमिगत संघ संगठनहरुको | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • सीमावर्ती क्षेत्रको सुरक्षा सुदृढ गर्न सीमा सुरक्षा चौकी (BOP) थप गर्ने ।<br>• लामो तथा छोटो दुरीको Patroling को व्यवस्था गर्ने ।<br>• जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयहरुमा Help Desk को स्थापना गरी सादा पोशाकमा एक जना प्रहरी अधिकृतलाई खटाउने । | विभाग | | | गतिविधिमा नियन्त्रण हुने । | |
| ५. | राजमार्गहरुमा सुरक्षा व्यवस्था । | • देशको Lifeline को रुपमा रहेका राजमार्गहरुलाई सुरक्षित र भरपर्दो वनाउन कम्तिमा प्रत्येक ५० कि.मी. मा एउटा Quick Response Team स्थापन गर्ने ।<br>• Over crowd/Over load भएका यातायतका साधनलाई नियन्त्रण गर्ने ।<br>• मदिरा सेवन गरी सवारी साधन चलाउन रोक लगाउन Breathlizer को प्रयोग गर्ने ।<br>• लामो दुरीका सार्वजनिक सवारी साधनमा २ जना चालक राख्ने व्यवस्था कडाईका साथ पालना गराउने । | नेपाल प्रहरी /सशस्त्र प्रहरी बल , यातायात व्यवस्था कार्यालय | तत्काल थालनी गरी १५ दिन भित्र | गृह मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, क्षेत्रिय प्रशासन कार्यालय, प्रहरी प्रधान कार्यालय | • राजमार्गहरुको सवारी आवगमन सुचारु भएको हुने<br>• राजमार्गमा घटने अपराधिक घटनामा कमी आएको हुने । | • सुचना पाएको आधा घण्टामा पुग्ने ।<br>• ५० थान Breathlizer खरिद गर्ने। |
| ६. | प्रभावकारी भ्रष्टाचार नियन्त्रण कार्यक्रम । | • देशमा व्याप्त भ्रष्टाचारलाई नियन्त्रण गर्न शून्य सहनशीलताको नीति लिइने ।<br>• छानिएका २० जिल्ला प्रशासन कार्यालयहरुमा भ्रष्टाचारको सूचना | प्रमुख जिल्ला अधिकारी र क्षेत्रीय प्रशासक, राष्ट्रिय अनुसन्धान | तत्काल शुरु गरी निरन्तर | गृह मन्त्रालय | • भ्रष्टाचार विरुद्ध भएका कारवाहीहरुको संख्या ।<br>• जनताले सरकारी सेवा सहज, सरल र कम खर्चिलो रुपमा प्राप्त | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रवाह गर्न गुनासो सुन्ने,अपराध तथा घटनाहरु सम्वन्धी सुचना संकलन गरी प्रतिकार्य गर्न २४ सै घण्टा टेलिफोन सेवा संचालनमा ल्याउने ।<br>• भ्रष्टाचार नियन्त्रण गर्न उक्त जिल्लाहरुमा Response Team बनाउने ।<br>• प्र.जि.अ. ले सक्रिय (Proactive) भै काम गर्ने । | विभाग | | | गरेको हुने । | |
| ७. | प्रभावकारी आपूर्ति व्यवस्था तथा कृत्रिम मुल्य वृद्धिलाई नियन्त्रण । | • जिल्ला स्थित आपुर्ति व्यवस्था र अनुगमन समितिलाई सक्रिय बनाउने ।<br>• जिल्लाको खाद्यान्न माग,आपूर्ति र भण्डारणको विवरण संकलन गर्ने र नपुग खाद्यान्न आपुर्ति गर्ने व्यवस्था मिलाउने ।<br>• जिल्लामा नियमित रुपमा बजार अनुगमन गरी कार्यान्वयनको प्रगति प्रतिवेदन पठाउने ।<br>• मूल्यसूची राख्न लगाउने ।<br>• कानुन विपरित कार्य गर्ने उपर कानूनी कारवाही चलाउने । | जिल्ला प्रशासन कार्यालय, वाणिज्य कार्यालय र नापतौल तथा गुणस्तर नियन्त्रण कार्यालय | तत्काल शुरु गरी एक महिनाभित्र | गृह मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग | • उपभोग्य बस्तुको आपुर्ति व्यवस्था प्रभावकारी हुने र कृत्रिम मुल्य नियन्त्रण हुने । | |
| ८. | आपतकालीन प्रतिकार्य तथा राहत कार्यक्रम । | • जिल्लामा प्र.जि.अ.को अध्यक्षतामा Quick Response Team गठन गर्ने ।<br>• सम्भावित घटना दुर्घटनाको आकलन गर्ने र क्षति न्यूनीकरणका उपायहरु अवलम्वन गर्ने ।<br>• तत्कालिन उद्धार र राहतका कार्यहरु संचालन गर्ने ।<br>• विपदबाट मृत्यु भएका मृतकका परिवारलाई घरमै राहत रकम उपलब्ध गराउने । | जिल्ला सुरक्षा समिति र जिल्ला दैवी प्रकोप उद्धार समिति | तत्काल शुरु गरी एक महिनाभित्र | गृह मन्त्रालय, क्षेत्रीय प्रशासन कार्यालय | • जिल्लामा घटेका जुनसुकै प्रकारका प्राकृतिक प्रकोप र अन्य घटनाहरुको प्रतिकार्य शिघ्र र प्रभावकारी हुने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • अपराध, प्राकृतिक विपत्ति, दुर्घटना, झै-भगडा जस्ता घटना घटेको समय, सूचना प्राप्त गरेको समय, प्रतिकार्यमा खटिएको समय र घटनास्थलमा पुगी उद्धारमा संलग्न भएको समय तोकिएको प्रतिवेदन प्रणाली लागू गर्ने । | | | | | |
| ९. | जनगुनासो व्यवस्थापन । | • प्र.जि.अ.हरुले नै टेलिफोन नम्वर सार्वजनिक गरी गुनासो सुन्ने व्यवस्था मिलाउने ।<br>• सबै जिल्ला प्रशासन कार्यालयहरुमा Help Desk (दलित ⁄ महिला समेतको) को स्थापना गर्ने ।<br>• गुनासो सम्वोधन भएनभएको नियमित अनुगमन गर्ने । | गृह मन्त्रालय,सबै जिल्ला प्रशासन कार्यालयहरु | तत्काल शुरु गरी निरन्तर | गृह मन्त्रालय, क्षेत्रीय प्रशासन कार्यालय | • जनगुनासोको सम्वोधन भएको हुने । | |
| १०. | नियमित सार्वजनिक सुनुवाईको व्यवस्था । | • जिल्ला सदरमुकामहरुमा नियमित रुपमा प्रत्येक महिना सेवा प्रवाह गर्ने कार्यालयहरुले सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने ।<br>• सार्वजनिक सुनुवाई कार्यक्रमको समन्वय प्रमुख जिल्ला अधिकारीले गर्ने । | जिल्ला प्रशासन कार्यालय, | तत्काल थालनी गरी निरन्तर | गृह मन्त्रालय, क्षेत्रिय प्रशासन कार्यालय | • सार्वजनिक सुनुवाई कार्य हुने । | सार्वजनिक सेवा वा वस्तु प्रवाह गर्ने सबै |
| ११. | गृह मन्त्रालयको नियन्त्रणकक्षको सुदृढीकरण । | • SMS बाट समेत गुनासो सुन्ने व्यवस्था मिलाउने ।<br>• गुनासो व्यवस्थापन निर्देशिका तयार गरी कार्यान्वयमा ल्याउने ।<br>• गुनासो सम्वन्धमा भएको कारवाहीको जानकारी पीडित पक्षलाई दिने व्यवस्था लागु गर्ने । | गृह मन्त्रालय | तत्काल थालनी गरी निरन्तर | गृह मन्त्रालय | • नियन्त्रण कक्षको सुदृढीकरण भै जनगुनासोलाई नियमित रुपमा व्यवस्थापन गर्ने कार्य हुने । | |
| १२. | जुवा तास नियन्त्रण तथा रात्रीकालिन मनोरञ्जन | • जुवा ऐन प्रभावकारी कार्यान्वयन गर्ने ।<br>• डान्स रेष्टुरेन्ट, दोहोरी साँझ, मसाज | जिल्ला प्रशासन कार्यालय, | तत्काल शुरु गरी निरन्तर | क्षेत्रीय प्रशासन कार्यालय, प्रहरी | • अवैध जुवा तास तथा रात्रीकालिन | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | व्यवसायलाई व्यवस्थित गर्ने कार्यक्रम । | केन्द्र जस्ता रात्रीकालीन व्यवसाय संचालन सम्वन्धी निर्देशिका कडाईका साथ कार्यान्वयनमा ल्याउने ।<br>● क्यासिनोमा नेपालीहरुको प्रवेशलाई कडाईका साथ रोक लगाउने र नियमित अनुगमन गर्ने । | जिल्ला प्रहरी कार्यालय राष्ट्रिय अनुसन्धान विभाग | | प्रधान कार्यालय | मनोरञ्जनका व्यवसायमा नियन्त्रण भएको हुने । | |
| १३. | सेवा प्रवाहको प्रभावकारिता बढाउन नियमित अनुगमन र निरीक्षण । | ● गृह मन्त्रालय मातहतका निकायहरुबाट सेवा प्रवाह गर्दा जनतामा परिवर्तनको अनुभुती हुने किसिमले गर्ने ।<br>● सेवा प्रवाहमा ढिलासुस्ती गर्ने उपर कारवाही अगाडी बढाउने ।<br>● सुशासन ऐन र नियम अनुसार प्रत्येक जिल्ला र क्षेत्रमा अनुगमन समितिको नियमित बैठक बसी प्रतिवेदन दिने/लिने व्यवस्था गर्ने ।<br>● सवै कर्मचारीले अनिवार्य रुपमा तोकिएको पोशाक र परिचयपत्र देखिने गरी लगाउने ।<br>● मन्त्रालयले कम्तीमा २५ जिल्ला प्रशासन कार्यालयको स्थलगत अनुगमन गर्ने । | गृह मन्त्रालय, क्षेत्रीय प्रशासन कार्यालय, जिल्ला प्रशासन कार्यालय राष्ट्रिय अनुसन्धान विभाग | तत्काल शुरु गरी निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय | ● प्रभावकारी रुपमा सेवा प्रवाह भएको हुने । | |
| १४. | सरकारी सुविधाका साधनहरुको व्यवस्थापन । | ● पूर्व पदाधिकारीलाई सवारी सुविधा उपलव्ध गराउने सम्वन्धी नयाँ मापदण्ड तर्जुमा गरी मन्त्रिपरिषद्बाट स्वीकृत गराउने ।<br>● नयाँ स्वीकृत हुने मापदण्ड बमोजिमका पदाधिकारीहरुलाई मात्र सवारी साधन उपलव्ध गराउने ।<br>● गृह मन्त्रालयमा रहेका सम्पूर्ण सवारी साधनहरुको विस्तृत लगत अद्यावधिक गरी मर्मत गर्दा संचालनमा आउनेलाई मर्मत गर्ने र मर्मत नहुनेलाई लिलाम गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गृह मन्त्रालय | १५ दिनभित्र<br>१ महिनाभित्र<br>मापदण्ड स्वीकृत भएको १५ दिनभित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ● गृह मन्त्रालय अन्तर्गतका सवारी साधनहरुको प्रभावकारी व्यवस्थापन भएको हुने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ६ महिनाभित्र | | | |
| १५. | अवैध मदिरा उत्पादन र विक्री वितरण नियन्त्रण तथा वैध मदिराको व्यवस्थित विक्रि वितरण । | • व्यापारिक प्रयोजनको लागि अवैध मदिरा उत्पादन गर्ने स्थानको पहिचान गरी  उत्पादनमा छापामार्ने र मदिरा नष्ट गर्ने ।<br>• इजाजतप्राप्त वितरकबाट मात्रै विक्रिवितरणको व्यवस्था मिलाउने ।<br>• कसुरदार उपर कानुनी कारवाही अगाडि बढाउने ।<br>• जिल्लामा अनुगमन टोली बनाई नियमित अनुगमन गर्ने ।<br>• १६ बर्ष मुनिका नाबालकलाई मदिरा र सुर्तीजन्य पदार्थ बिक्रीवितरणमा रोक लगाउने  र उमेर नपुगेका नावालकहरुलाई मदिरा बिक्री वितरण गर्ने कार्यमा लगाउन नदिने ।<br>• मदिरा बिक्री वितरण गर्नका लागि स्थान र समय निर्धारण गर्ने । | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, आन्तरिक राजश्व कार्यालय | तत्काल शुरु गरी निरन्तर<br><br>प्रत्येक जिल्लाले १५ दिन भित्र निर्धारण गरी सक्ने | क्षेत्रीय प्रशासन कार्यालय, क्षेत्रिय प्रहरी कार्यालय | • अवैध मदिराको उत्पादन तथा विक्रि वितरणमा नियन्त्रण भएको हुने । | |
| १६ | उपत्यका लगायत शहरी क्षेत्रहरुको सवारीहरुको व्यवस्थापन । | • काठमाण्डौ उपत्यका लगायत शहरी क्षेत्रहरुमा बढ्दो सवारी चापलाई ध्यानमा राखी थप ट्राफिक पोष्टहरु खडा गर्ने ।<br>• सवारी साधनको अनुपातमा शीघ्र ट्राफिक प्रतिकार्य टोली खडा गर्ने ।<br>• व्यस्त समय (Peak hour) मा थप प्रहरी परिचालन गरी । | • ट्राफिक प्रहरी कार्यालयहरु, महा-नगरपालिक र नगरपालिका<br>• सडक पसल सार्वजनिक सवारी साधन सडक किनारामा कुर्न नदिने<br>• ट्राफिक नियम | तत्काल लागू गर्ने | प्रहरी प्रधान कार्यालय एवं उपत्यका ट्राफिक प्रहरी कार्यालय | • उपत्यका लगायत शहरी क्षेत्रको सवारी चापमा कमी आएको हुने। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | उल्लंघन गर्नेलाई कडाई साथ पालनाम गर्न<br>● जथाभावी सवारी रोकमा नियन्त्रण गर्ने । | | | | |
| १७. | औद्योगिक प्रतिष्ठानहरुको सुरक्षा व्यवस्था । | ● औद्योगिक प्रतिष्ठानहरुले सुरक्षा माग गरेमा तत्कालै उपलब्ध गराउने ।<br>● औद्योगिक प्रतिष्ठानहरुको सुरक्षा व्यवस्थालाई दृष्टिगत गरी आवश्यकतानुसार सघन रुपमा प्रहरी परिचालन गर्ने ।<br>● ठूला औद्योगिक प्रतिष्ठानहरुमा माग भई प्राप्त गरी अस्थायी रुपमा प्रहरी पोष्ट खडा गरी सुरक्षा प्रदान गर्ने । | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल | तत्कालै थालनी गरी निरन्तर | गृह मन्त्रालय | ● औद्योगिक प्रतिष्ठानहरुको सुरक्षा प्राप्त गरेका हुने । | |
| १८. | नगरिक सुरक्षा सचेतना अभियान कार्यक्रम | ● असोज १२ गते नागरिक सुरक्षा जनचेतना अभियान दिन मनाउने ।<br>● आवश्यकतानुसार पोष्टर पम्प्लेट, अन्तर्क्रिया, र्‍याली जस्ता कार्यक्रमहरुको आयोजना गर्ने । | गृह मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल | | | जनचेतना अभियान दिन मनाइने | |
| १९. | घुम्ती शिविर संचालन । | ● जिल्ला स्थित कार्यालयहरुको सम्लग्नतामा घुम्ती शिविर संचालन गरी सेवा प्रवाह गर्ने । | जिल्ला प्रशासन, जिल्ला प्रहरी, कृषि, पशु, स्वास्थ्य, मालपोत, नापी तथा जिल्ला स्थित सेजवा प्रवाह गर्ने कार्यालयहरु | एक महनिा भित्र शुरु गरी निरिन्तर | गृह मन्त्रालय, क्षेत्रिय प्रशासन कार्यालय, | ● स्थलगत रुपमा सेवा प्रवाह हुने । | दशैं पूर्व ७५ वटै जिल्लामा घुम्ती शिविर चलेको हुने । |

(ख) मध्यकालिन राहत कार्यक्रम

| सि.नं. | प्राथमिकता प्राप्त कार्यहरु | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | समय सिमा | अनुगमन गर्ने निकाय | अनुगमन सुचक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सर्वसुलभ रुपमा राहदानी वितरण कार्य । | • सबै जिल्लाहरुमा MRP फारमहरु संकलन गर्ने व्यवस्था गर्ने । | परराष्ट्र मन्त्रालय,अर्थ मन्त्रालय, गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय | तत्काल थालनीगरी यस आर्थिक वर्षभित्रमा सबै जिल्लामा संकलनको व्यवस्था मिलाउने । | गृह मन्त्रालय र क्षेत्रीय प्रशासन कार्यालय | • सेवाग्राहीले सम्वन्धित जिल्लाबाटै राहदानी पाएको हुने | |
| २. | गृह मन्त्रालय मातहतका सुरक्षाकर्मीहरुलाई व्यक्तिगत सुरक्षाका नाममा घरेलु कामदारको रुपमा राख्ने परम्पराको अन्त्य । | • सुरक्षाकर्मीहरुलाई व्यक्तिगत सुरक्षाका नाममा घरेलु कामदार तत्काल हटाउने र अव आइन्दा सो कार्यमा नखटाउने ।<br>• व्यक्तिगत सुरक्षाका बाहेक बहालवाला तथा पूर्व अधिकारीहरुको निवासमा घरेलु कामदार राख्ने र खटाउने कर्मचारी उपर विभागीय कारवाही गर्ने । | प्रहरी महानिरीक्षक, नेपाल प्रहरी/सशस्त्र प्रहरी बल | १ महिनाभित्र | गृह मन्त्रालय | • गृह मन्त्रालय मातहतका सुरक्षाकर्मीहरुलाई व्यक्तिगत सुरक्षाका नाममा घरेलु कामदारको रुपमा राख्ने परम्पराको अन्त्य भएको हुने । | |
| ३. | अध्यागमन प्रशासनमा सुधार गर्ने तथा अध्यागमन सम्वन्धी अपराध नियन्त्रण । | • त्रि.अ.वि.मा यात्रुहरुको सेवा सन्तुष्टि मापन गर्न प्रस्थान काउन्टरहरुमा यात्रुको सेवा सन्तुष्टि मापन गर्ने यन्त्र जडान गरी संचालनमा ल्याउने । | अध्यागमन विभाग, त्रि.अ.वि. कार्यालय | तत्काल शुरु गरी ३ महिनाभित्र | गृह मन्त्रालय, अध्यागमन विभाग | • अध्यागमन प्रशासनमा हुने अनियमिततामा कमी आउने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • त्रि.अ.वि.को अध्यागमन विभागले र अध्यागमन विभागको जनगुनासो उपर मन्त्रालयले छानविन गर्ने ।<br>• त्रि.अ.वि.को CCTV को Networking गरी मन्त्रालय र विभागबाट समेत हेर्ने व्यवस्था मिलाउने ।<br>• अध्यागमन सम्वन्धी हुने अपराधलाई निगरानी राख्ने ।<br>• Arrival र Departure को कम्प्यूटर पोष्टिङ्ग अनिवार्य गर्ने र त्यसो नगर्ने कर्मचारीलाई विभागीय कारवाही गर्ने । सोका लागि कम्प्यूटर तालिमको व्यवस्था गर्ने । | | | राष्ट्रिय अनुसन्धान विभाग/प्रहरी | | |
| ४. | कारागार व्यवस्थापनमा सुधार । | • जघन्य अपराध गरी कारागारमा रहेका सूचीकृत (Listed) थुनुवा कैदिहरुलाई कडा सुरक्षा व्यवस्था गरी छुट्टै कारागारमा राख्ने र सशस्त्र प्रहरी बलबाट सुरक्षा व्यवस्था मिलाउने ।<br>• यस्ता कैदी/थुवानाहरुलाई सुरक्षाकर्मीको निगरानीमा आफ्नो परिवार बाहेक अन्य व्यक्तिसंग सम्पर्क राख्न नदिने ।<br>• तोकिएका ठूला कारागारहरुमा Telephone Jammer राख्ने । | कारागार व्यवस्था विभाग | १ महिनाभित्र | गृह मन्त्रालय | • कारागार भित्र घट्ने र कारागारबाट परिचालित हुने अपराधमा कमी आएको हुने । | |
| ५. | वैज्ञानिक र अनुमान योग्य (Predictable) सरुवा प्रणालीको व्यवस्था । | • प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी, विभागीय प्रमुख, प्रहरी नायव महानिरीक्षक, प्रहरी वरिष्ठ उपरीक्षक,प्रहरी उपरीक्षक, प्रहरी नायव उपरीक्षक र प्रहरी निरीक्षकहरुको सरुवा सम्वन्धी मापदण्ड तर्जुमा गरी लागू | गृह मन्त्रालय | १ महिनाभित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामान्य प्रशासन मन्त्रालय | • सरुवा प्रणाली व्यवस्थित हुने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गर्ने । | | | | | |
| ६. | चेलीवेटी बेचविखनलाई नियन्त्रण । | • त्रि.अ.वि.तथा सिमा क्षेत्रका नाकाहरुबाट हुने गरेको चेलीवेटी बेचविखन कार्यलाई नियन्त्रण गर्न यी स्थानहरुमा Surveillance Team परिचालन गर्ने ।<br>• स्थानीय यूवा,संघसंस्था र प्रहरी संयूक्त रुपमा परिचालन गर्ने । | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल | एक महनिा भित्र शुरु गरी निरन्तर | गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय मन्त्रालय, | • चेलीवेटी बेचविखन तथा अवैध ओसारपसारमा कमी आउने । | |
| ७. | नमुना जिल्ला प्रशासन कार्यालयको स्थापना । | • ५ वटा जिल्ला प्रशासन कार्यालयलाई नमुनाको रुपमा छनौट गर्ने ।<br>• छनौट गरिएका जिल्ला प्रशासन कार्यालयहरुलाई आवश्यक साधनस्रोत उपलव्ध गराउने । | गृह मन्त्रालय | ३ महिना भित्र | गृह मन्त्रालय, क्षेत्रिय प्रशासन कार्यालय, | • नमुना जिल्ला प्रशासन कार्यालय स्थापना भएको हुने । | |
| ८. | सुरक्षा विज्ञहरुसंग नियमित अन्तर्क्रिया । | • पूर्व गृह सचिव, पूर्व प्रहरी महानिरीक्षक एवं सुरक्षा विज्ञहरु संग प्रत्येक तीन तीन महिनामा अन्तर्क्रिया गरी सुझाव संकलन गर्ने ।<br>• प्राप्त उपयूक्त सुझावहरु कार्यान्वयमा ल्याइने । | गृह मन्त्रालय | ३ महिना भित्र | गृह मन्त्रालय | • अन्तर्क्रिया भई प्राप्त सुझाव कार्यान्वयन भएको हुने । | |

**(ग) दीर्घकालिन राहत कार्यक्रम**

| सि.नं. | प्राथमिकता प्राप्त कार्यहरु | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | समय सिमा | अनुगमन गर्ने निकाय | अनुगमन सुचक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | प्रहरी सेवा आयोग गठन । | • ऐनको मस्यौदा तयार गर्न एक कार्यदल गठन गर्ने ।<br>• प्रहरी ऐन/नियमावलीमा संसोधन गर्ने प्रक्रिया अगाडी बढाउने । | प्रहरी प्रधान कार्यालय | ७ दिनभित्र शुरु गरी चालु आर्थिक वर्ष भित्रै ऐन तर्जुमा गरि सक्ने । | गृह मन्त्रालय | • प्रहरी सेवा आयोगको गठन हुने । | |
| २. | क्षेत्रीय प्रशासन कार्यालयको सुदृढिकरण । | • क्षेत्रभित्रको सेवा प्रवाह र विकास निर्माण कार्यको अनुगमन | गृह मन्त्रालय, अर्थ मन्त्रालय, | तीन महिनाभित्र शुरु गर्ने | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | • सेवा प्रवाह र विकास निर्माण कार्यको | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | मुल्यांकनको जिम्मेवारी दिने<br>● क्षेत्रीय प्रशासन कार्यालयलाई पर्याप्त स्रोत साधन उपलव्ध गराउने ।<br>● क्षेत्रभित्रका रा.प.तृतीय श्रेणीका कर्मचारीको सरुवा गर्ने अधिकार दिने । | सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग | | कार्यालय | अनुगमन मुल्यांकन प्रभावकारी हुने । | |
| ३. | गुण्डा नियन्त्रण ऐन तर्जुमा । | ● गुण्डा नियन्त्रण ऐनको मस्यौदा तयार गर्ने कार्य अगाडी बढाउने । | प्रहरी प्रधान कार्यालय | ७ दिनभित्र शुरु गरी चालु आर्थिक वर्षको अन्त्य सम्ममा ऐन तर्जुमा गरि सक्ने । | गृह मन्त्रालय | ● नयाँ गुण्डा नियन्त्रण ऐन तर्जुमा हुने । | |
| ४. | मौजुदा जुवा ऐन प्रतिस्थापन । | ● नयाँ जुवा ऐनको मस्यौदालाई अन्तिम रुप दिने । | गृह मन्त्रालय | ७ दिनभित्र शुरु गरी चालु आर्थिक वर्षको अन्त्य सम्ममा ऐन तर्जुमा गरि सक्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ● नयाँ जुवा ऐन तर्जुमा हुने । | |
| ५. | मौजुदा दैवी प्रकोप उद्धार ऐनलाई प्रतिस्थापन गरी विपद व्यवस्थापन ऐनको व्यवस्था । | ● नयाँ ऐनको मस्यौदालाई अन्तिम रुप दिइ मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त गरी व्यवस्थापिका संसदमा पेश गर्ने । | गृह मन्त्रालय | चालु आर्थिक बर्षको अन्त्य सम्ममा | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ● नयाँ विपद व्यवस्थापन ऐन तर्जुमा हुने । | |